मुख्यमन्त्री
कोशी प्रदेश
विराटनगर, नेपाल

कोशी प्रदेश, विराटनगर, नेपाल

मुख्यमन्त्री

# शुभकामना

## "हाम्रो संस्कृति, हाम्रो गौरव"

नेपालीहरूको महान् चाड दशैं, २०८१ को शुभ अवसरमा कोशी प्रदेशससहित देश विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य, दीर्घायु, एवम् उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

शक्तिको प्रतीकका रूपमा मनाइने दशैं आश्विन महिनाको शुक्ल प्रतिपदाका दिन घटस्थापना गरी सोही दिनदेखि सप्तमी, अष्टमी र नवमीसम्म निरन्तर शक्तिरूपी नवदुर्गा भवानीको पूजा आराधना गर्दै दशमीका दिनदेखि भवानीको प्रसाद स्वरूप मान्यजनहरूको हातबाट टीका, जमरा र आशिर्वाद ग्रहण गरी पूर्णिमासम्म विशेष रूपमा मनाउने गरिन्छ।

यसपटक दशैं नजिकिँदै गर्दा मुलुकले प्राकृतिक विपत्तिको सामना गर्नुपरेको छ । कोशी प्रदेशका केही जिल्लासहित देशका विभिन्न भागमा आएको बाढी पहिरोले जनधनको ठूलो क्षति पुऱ्याएको छ । विपद्को सामना गर्दै एक आपसमा सहयोग, सद्भाव र भातृत्वका साथ यस वर्षको दशैं मनाउनु पर्दछ । विपदलाई साहसमा बदल्न हामी सबैको सहकार्य र हातेमालो जरुरी हुन्छ ।

विजया दशमीको दिन दुर्गा भगवतीले दानवी शक्तिमाथि र रामले रावणमाथि विजय हासिल गरेको धार्मिक तथा ऐतिहासिक कथनहरू रहेका छन् । दशैंको उपलक्ष्यमा पारिवारिक जमघट एवम् पुनर्मिलन भई खुशीयाली र हार्दिकता साटासाट गरी मनाउने प्रचलन रही आएको छ । यो पर्व सत्यको विजय र असुरी चरित्रको पराजय, दुराचारमाथि सदाचारको जित, आपसी सद्भाव, भ्रातृत्व र पुनर्मिलनको प्रतीक पनि हो । त्यसैले यस पर्वले विकृति र विसंगतिको अन्त्य गर्दै सामाजिक सद्भाव, एकता, मेलमिलाप र भ्रातृत्वको अभिवृद्धि गर्न हामी सबैलाई प्रेरित गर्नेछ भन्ने विश्वास लिएको छु ।

दशैंका अवसरमा मान्यजनप्रति श्रद्धा र सम्मान स्व:स्फूर्त अभिव्यक्त हुने प्रचलनले पनि यसको महत्त्व अझ बढी छ । हाम्रो मुलुकमा परम्परागत रुपमा हर्षोल्लासपूर्वक मनाउने गरिएका यस्ता चाडपर्वहरूले भौगोलिक, साँस्कृतिक र भाषिक विविधताबीच रहेको हाम्रो मौलिकतालाई थप सुदृढ गर्नुका साथै साँस्कृतिक एकता र पहिचानलाई अक्षुण्ण राख्न थप योगदान गरिरहेका छन् ।

यस वर्षको दशैंले हामी सबैमा नयाँ उत्साह र उमङ्गका साथ असल कामहरू गर्न हौसला र सकारात्मक उर्जा प्रदान गर्न दुर्गा भवानीबाट आर्शिवाद प्राप्त होस् भनी हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

२०८१ साल आश्विन २६ गते, शनिबार ।

हिक्मतकुमार कार्की
मुख्यमन्त्री

मुख्यमन्त्री

फोन नं. +९७७-०२१-४७५१६६
ईमेल:- info.ocmcm@p1.gov.np